नेपाल सरकार
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७

सिंहदरबार, काठमाण्डौं

प.सं. आ.प्र. २०७५।७६
च.नं. ३

मितिः- २०७५/०४/०३

विषय : बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरु सम्वन्धमा ।

श्री महानगर /उपमहानगर /नगर/गाउँपालिका,
बहुक्षेत्रीय पोषण कार्यक्रम लागू भएका (सबै)।

प्रस्तुत विषयमा नेपाल सरकार र युनिसेफको सहयोगमा बहुक्षेत्रीय पोषण योजना तहाँ स्थानीय तहमा कार्यान्वयनमा रहेको विदितै छ। कार्यक्रम सञ्चालनको लागि चालु आ.व. २०७५/७६ का लागि ब.उ.शी. नं.: ३६५८४७३ मा सशर्त अनुदानको रुपमा बजेट कार्यान्वयनको लागि तयार गरिएका निर्देशन तथा शर्तहरु यसैसाथ संलग्न छ। यसै निर्देशन तथा शर्त बमोजिम कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

बसन्तराज पौडेल
(लेखा अधिकृत)

**बोधार्थ :**
श्री महालेखा परीक्षकको कार्यालय,
पुल्चोक, ललितपुर।
श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाण्डौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
कार्यक्रम लागु भएका जिल्ला (सबै) ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

आ.व.: २०७५/०७६

**ब.उ.शी. नं.: ३६५८४७३ (बहुक्षेत्रीय पोषण कार्यक्रम) को बजेटखर्च सम्बन्धी निर्देशन तथा शर्तहरु:**

१. यस शीर्षकको रकम बहुक्षेत्रीय पोषण कार्यक्रम बाहेक अन्यत्र खर्च गर्ने वा रकमान्तर गर्न पाईने छैन ।

२. बहुक्षेत्रीय पोषण योजना दोस्रो र मन्त्रालयको पत्रसंख्या २०७४/२०७५, चलानी नं. २२६, मिति २०७५/०३/०५ को परिपत्र अनुसार पहिचान गरिएका सबै क्षेत्रहरुको मुख्य क्रियाकलापहरु समावेश गरी वार्षिक एकीकृत योजना तयार गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

३. बजेट विनियोजन गर्दा पोषण संवेदनशील र समर्थ बनाउने कार्यक्रमहरुलाई मध्यनजर गरी बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका क्षेत्रहरु: कृषि, पशुपक्षी, महिला बालबालिका, शिक्षा, खानेपानी तथा सरसफाई र स्थानीय शासनको क्षेत्रमा एकीकृत योजना तर्जुमा गर्नुपर्नेछ ।

४. सम्बन्धीत स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट तयार गरी कार्यपालिकाको बैठकबाट बहुक्षेत्रीय पोषण कार्यक्रमको एकीकृत योजना स्वीकृत गुर्नपर्नेछ ।

५. स्थानीय तह स्तरको क्रियाकलापहरु भन्दा वडा तथा वस्ती स्तरमा सुनौला हजार दिनका घरपरिवार र किशोरीहरुलाई केन्द्रित गरी क्रियाकलापहरु छनौट गर्नुपर्नेछ ।

६. स्थानीय तहले यस कार्यक्रमको मासिक, चौमासिक रुपमा वित्तीय र भौतिक प्रगतीको विवरण तोकिएको web-based reporting system मा प्रविष्ट गराई राष्ट्रिय योजना आयोगको सचिवालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदन गर्नुपर्नेछ ।

७. स्थानीय तहले बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च गर्दा बजेट बाँडफाँड भए बमोजिम प्रतिशत निर्धारण गरी सोही आधारमा नेपाल सरकार र युनीसेफ तर्फको रकम खर्च गरी लेखांकन र प्रतिवेदन गर्नुपर्नेछ ।

८. स्थानीय तहले यस कार्यक्रमको आम्दानी खर्चको लेखा छुट्टै राखी नेपाल सरकार र युनीसेफ तर्फको श्रोत खुलाई खर्च लेखांकन गर्नुपर्नेछ र स्थानीय तहको निर्दिष्ट आर्थिक प्रणाली अनुरुप खर्च गर्नुपर्नेछ ।

९. स्थानीय तहले यस कार्यक्रम अन्तरगत गरेका विस्तृत खर्चको विवरण (Statement of Expenditure) प्रत्येक चौमासिक व्यतित भएको ७ दिन भित्र मन्त्रालयमा पठाउनुपर्नेछ ।

१०. कार्यक्रमको आन्तरिक लेखापरिक्षण र अन्तिम लेखापरिक्षणको जिम्मेवारी गाउँपालिका/नगरपालिकाको हुनेछ ।

११. कार्यालय सामाग्री तथा कार्यालय सञ्चालन जस्ता क्षेत्रमा यो बजेटबाट खर्च गर्न पाईने छैन ।

१२. यो कार्यक्रम तेस्रो पक्ष मार्फत नगरी लाभग्राहीहरुको प्रत्यक्ष संलग्नता र सहभागितामा संचालन गर्नु पर्नेछ ।

१३. यो रकम खर्च गर्दा स्थानीय तहले आफ्नो आवधिक तथा वार्षिक योजनासँग बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रमहरुलाई आवद्ध गर्दै लैजानुपर्नेछ ।

दिलेश कुमार थपलिया
सचिव

१४.स्थानीय तह र वडा स्तरको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट यस कार्यक्रमको मासिक तथा चौमासिक प्रगती समीक्षा गर्नुपर्नेछ ।

१५. कार्यक्रमको कार्यान्वयन तालिका तयार गर्दा ७० प्रतिशत योजना तथा बजेट दोस्रो चौमासिक भित्र सम्पन्न हुने गरी योजना तयार गर्नुपर्नेछ ।

१६. बहुक्षेत्रीय पोषण योजनालाई विषयगत इकाई तथा शाखाहरुको समन्वयमा स्थानीय समुदायमा प्रभावकारी रुपमा संचालन गर्न, गर्भवती आमा, प्रजनन उमेरका महिला र किशोरीहरुमा पोषण सम्बन्धी सचेतना, समुदाय परिचालन, सुनौला हजार दिनका आमा र बालबालिका पहिचान र परिचालन, र पोषण मैत्री स्थानीय तहको परिकल्पनालाई सार्थकता दिन स्थानीय तहको साझेदारीमा पोषण स्वयंसेवक नियुक्त गर्न सकिनेछ । स्वयंसेवकहरुको जीवन निर्वाह भत्ता ब.उ.शि.नं ३६५८४७३ को खर्च शिर्षक नं २६३११ स्थानीय तह सशर्त चालु अनुदानबाट बार्षिक बढीमा रु एक लाख चवालीस हजारसम्म र नपुग रकम स्थानीय तहको साझेदारीमा हुनेगरी विनियोजन गर्नुपर्नेछ । उक्त स्वयंसेवकको अवधि आ.व. २०७६ असार मसान्तसम्मको लागि हुनेछ । साथै स्वयंसेवकको नियुक्ति २०७५ साउन मसान्तसम्म गरिसक्नुपर्ने छ। उक्त स्वयंसेवक छनौट प्रकृया, न्युनतम योग्यता र अनुभव यस प्रकार हुनेछ ।

क. मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा कक्षा १२ वा सो सरहको परीक्षा उतीर्ण गरी सामुदायिक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव हासिल गरेको हुनुपर्नेछ ।

ख. कम्तीमा २१ वर्ष उमेर पूरा भएको हुनपर्नेछ ।

ग. सम्वन्धीत स्थानीय तहमा वसोवास गरेको हुनु पर्नेछ ।

घ. प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ ।

ङ. स्वयंसेवकको छनौट गर्दा कार्यपालिकाको निर्णयबाट प्रमुख प्रशासकीय अधिकृतको संयोकत्वमा अन्य २ जना कर्मचारी रहेको छनौट समिति गठन गरि कम्तिमा १५ दिनको सुचना स्थानीय पत्रिका/सञ्चार माध्यममा प्रकाशित गरी गर्नुपर्नेछ ।

च. सामाजिक परिचालक कार्यरत रहेको अवस्थामा छुट्टै स्वयंसेवक नराखी सामाजिक परिचालकलाई नै जिम्मेवारी दिनु पर्नेछ । स्थानीय तहको नियमित दरबन्दीले नै उक्त कार्य सम्पन्न हुने अवस्था भएमा कुनै कर्मचारीलाई जिम्मेवारी तोकी मन्त्रालयलाई जानकारी दिनु पर्नेछ ।

ज. स्वयंसेवक राख्नु नपर्ने अवस्थामा प्राप्त भएको सबै बजेट पोषण सवेदनशील कार्यमा मात्र खर्च गर्नुपर्नेछ ।

१७. निर्वाचित पदाधिकारी तथा अनुगमन तथा मूल्याङ्कन शाखा र विषयगत शाखाका कर्मचारीहरुको संलग्नता रहने गरी संयुक्त रुपमा अनुगमन योजना तयार गरी कार्यक्रम कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

दिनेश कुमार थपलिया
सचिव